# विहादी गाउँपालिका

## स्थानीय राजपत्र



| खण्ड १० | संख्या ३ | मिति २०८३।०३।१० |
|---|---|---|



## भाग १

**विहादी गाउँपालिका**
**गण्डकी प्रदेश, नेपाल**

# स्थानीय पेय पदार्थको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८३

बिहादी गाउँपालिकामा स्थानीय कच्चा पदार्थबाट उत्पादन गरिएको स्थानीय तथा परम्परागत पेय पदार्थको व्यवस्थित उत्पादन, प्रशोधन, नियमन तथा बजारीकरण मार्फत स्वदेशी उत्पादनलाई अभिवृद्धि गरी मदिरा र मदिराजन्य पदार्थको आयात प्रतिस्थापन गर्न; स्थानीय स्तरमा व्यवस्थित तथा गुणस्तरीय उत्पादन र बिक्री वितरण समेतमा नियमन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१) र अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो **स्थानीय पेय पदार्थको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८३** जारी गर्न उपयुक्त देखिएकोले विहादी गाउँपालिकाले यो ऐन निर्माण गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बिहादी गाउँपालिका

## स्थानीय पेय पदार्थको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८३

**प्रस्तावना:** बिहादी गाउँपालिकामा स्थानीय कच्चा पदार्थबाट उत्पादन गरिएको स्थानीय तथा परम्परागत पेय पदार्थको व्यवस्थित उत्पादन, प्रशोधन, नियमन तथा बजारीकरण मार्फत स्वदेशी उत्पादनलाई अभिवृद्धि गरी मदिरा र मदिराजन्य पदार्थको आयात प्रतिस्थापन गर्न; स्थानीय स्तरमा व्यवस्थित तथा गुणस्तरीय उत्पादन र बिक्री वितरण समेतमा नियमन गर्न वाञ्छनीय भएकोले, बिहादी गाउँपालिका गाउँसभाले यो ऐन बनाएको छ।

### परिच्छेद १ -

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"बिहादी गाउँपालिका स्थानीय पेय पदार्थ व्यवस्थापन ऐन, २०८३"** रहेको छ। (२) यो ऐन बिहादी गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

- **"इजाजत पत्र"** भन्नाले दफा ४ बमोजिम घरेलु मदिराको उत्पादन मात्र गर्ने व्यक्तिलाई गाउँपालिका वा तोकिएको अधिकारीद्वारा दिइएको इजाजत पत्र सम्झनुपर्छ।
- **"उत्पादक"** भन्नाले परम्परागत घरेलु मदिरा उत्पादन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा यस ऐन बमोजिम दर्ता भएको उद्योगलाई सम्झनुपर्छ र सो शब्दले घरेलु मदिरा उत्पादन गर्न इजाजतपत्र प्राप्त व्यक्तिबाट सङ्कलन गरी आफ्नो उद्योगमा आवश्यकता अनुसार थप प्रशोधन गर्दै बोटलिङ तथा प्याकेजिङ गरी आफ्नै ब्रान्डको नाममा बिक्री वितरण गर्ने उद्योग समेतलाई जनाउँछ।
- **"उत्पादन"** भन्नाले घरेलु मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा घरेलु मदिरा तयार गर्नको लागि अपनाइने सबै विधि वा कार्य सम्झनुपर्छ र सो शब्दले त्यस्तो मदिराको प्रशोधन समेतलाई जनाउँछ।
- **"उद्योग"** भन्नाले यस ऐन बमोजिम घरेलु मदिरा उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ, लेबलिङ तथा ब्रान्डिङ गर्न गाउँपालिका वा सम्बद्ध निकायमा दर्ता भएको माइक्रोब्रुअरी वा घरेलु उद्योग सम्झनुपर्छ।

- **"कार्यालय"** भन्नाले बिहादी गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्छ। सो शब्दले प्रदेश सरकार मातहतको एकिकृत सेवा कार्यालय समेतलाई सम्झनुपर्छ ।
- **"घरेलु मदिरा"** भन्नाले अन्न, फलफूल वा जडीबुटीमा मर्चा मिसाएर निश्चित समयसम्म फर्मेन्टेसन (Fermentation) गराई स्थानीय वा नवीनतम प्रविधिको प्रयोग गरी तयार पारिएको मदिराजन्य पदार्थ सम्झनुपर्छ र सो शब्दले रक्सी, जाँड, ताडी, वाइन, छयाङ समेतलाई जनाउँछ।
- **"गाउँपालिका"** भन्नाले बिहादी गाउँपालिका र सो शब्दले "गाउँ कार्यपालिका" समेतलाई जनाउँछ।
- **"तोकिएको" वा "तोकिएबमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।
- **"प्याकेजिङ"** भन्नाले घरेलु मदिरालाई बोतल, कन्टेनर, क्यान, कार्टुन, बाकस वा कुनै भाँडोमा राखेर छोप्ने वा बिर्को बन्द गर्ने कार्य सम्झनुपर्छ।
- **"प्रदेश सरकार"** भन्नाले गण्डकी प्रदेश सरकार सम्झनुपर्छ।
- **"मन्त्रालय"** भन्नाले गण्डकी प्रदेश सरकारको उद्योग तथा वाणिज्य क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्छ।
- **"मर्चा"** भन्नाले विभिन्न जडीबुटीको धुलोलाई कोदो वा चामल वा गहुँ लगायत अन्य अन्नको पिठोमा मोलेर आवश्यक विधि र प्रक्रिया पूरा गरी बनाएको घरेलु मदिरा उत्पादनमा प्रयोग हुने परम्परागत वस्तु सम्झनुपर्छ।
- **"लेबलिङ"** भन्नाले दफा २४ बमोजिम घरेलु मदिराको प्याकेजिङमा उल्लिखित विवरण, चिन्ह वा सङ्केतलाई सम्झनुपर्छ।
- **"सङ्कलन"** भन्नाले इजाजतपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको घरेलु मदिरा प्रशोधन, बोटलिङ, प्याकेजिङ, ब्रान्डिङ तथा लेबलिङ गरी बिक्री वितरण गर्ने प्रयोजनको लागि सङ्कलन तथा भण्डारण गर्ने कार्य सम्झनुपर्छ।

Bihadi Rural Municipality Est: 2073

## परिच्छेद - २

## घरेलु मदिराको उत्पादन तथा बिक्री वितरणको दर्ता तथा इजाजत सम्बन्धी व्यवस्था

**३. इजाजतपत्र लिनुपर्ने वा उद्योग दर्ता गर्नुपर्ने:** (१) यस ऐन बमोजिम कुनै पनि व्यक्तिले इजाजतपत्र नलिई व्यावसायिक रूपमा घरेलु मदिराको उत्पादन गर्न वा कुनै व्यक्ति, फर्म वा कम्पनीले उद्योग दर्ता नगराई घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ, लेबलिङ तथा बिक्री वितरण गर्न पाउने छैन।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि धर्म, संस्कृति वा परम्परा, घरायसी प्रयोजन तथा

निजी उपयोगको लागि वार्षिक बढीमा पचास लिटरसम्म घरेलु मदिरा उत्पादन गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन। तर, यसरी उत्पादित मदिरा व्यावसायिक रूपमा बिक्री वितरण गर्न पाइने छैन।

**४. उद्योग दर्ता वा इजाजतपत्रको लागि निवेदन दिनुपर्ने:** (१) घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ, लेबलिङ तथा बिक्री वितरण गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले उद्योग दर्ता वा इजाजतपत्र लिनको लागि देहायका विवरण तथा कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा गाउँपालिका वा कार्यालय समक्ष निवेदन दिनुपर्नेछ:

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) कम्तिमा अठार वर्ष पूरा भएको व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) घरेलु मदिराको उत्पादन, सङ्कलन वा बिक्री वितरणको लागि प्रयोग गरिने स्थान तथा आवश्यक पर्ने भाँडाकुँडा एवं मेशिनरी सम्बन्धी विवरण,

(घ) घरेलु मदिरा उत्पादनको लागि चाहिने अन्न तथा फलफूल जस्ता कच्चा पदार्थको आपूर्ति गर्ने क्षेत्र र तत् सम्बन्धी व्यवस्था,

(ङ) उद्योग स्थापनाका लागि उद्योग रहने स्थानको साँध-सँधियारहरूको मञ्जुरीनामा सहितको स्थानीय सर्जमिन मुचुल्का,

(च) इजाजतपत्रको लागि घरेलु मदिराको उत्पादन सम्बन्धी कार्ययोजना,

(छ) उद्योगको परियोजना प्रस्ताव र अन्य आवश्यक कागजात।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा तोकिएबमोजिमको ढाँचामा इजाजतपत्र वा उद्योगको दर्ता प्रमाणपत्र दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र दिन वा उद्योग दर्ता गर्न नमिल्ने देखिएमा सोको कारण र आधार खुलाई सात दिनभित्र निर्णय गरी सम्बन्धित निवेदकलाई त्यस्तो निर्णयको लिखित जानकारी दिनुपर्नेछ।

(४) उपदफा (२) बमोजिम इजाजतपत्र वा दर्ता प्रमाणपत्र दिंदा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अतिरिक्त इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले पालना गर्नुपर्ने सर्त समेत निर्धारण गरी दिनुपर्नेछ।

(५) घरेलु मदिराको इजाजतपत्र तथा उद्योगको दर्ता दस्तुर र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**५. क) सहकारीले घरेलु मदिरा उत्पादन सम्बन्धी उद्योग दर्ता गर्न सक्ने:**

(१) प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका उत्पादनमूलक कृषि वा बहुउद्देश्यीय सहकारीले घरेलु मदिरा उत्पादन सम्बन्धी उद्योग दर्ता गर्न चाहेमा दफा ४ बमोजिम उद्योग दर्ता गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम उद्योग दर्ता गर्न चाहने सहकारी संस्थाले दफा ४ को उपदफा (१) मा उल्लिखित कागजातका अतिरिक्त देहायका कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ:

(क) सहकारी संस्थाको विनियमको प्रतिलिपि,

(ख) उद्योग सञ्चालन गर्ने सम्बन्धमा साधारण सभा वा सञ्चालक समितिबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भएमा सोको अख्तियारी पत्र,

(घ) सहकारी संस्थाको अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ङ) शेयर सदस्यहरूको शेयर लगत सहितको विवरण।

**ख). लघु समूह वा सामूहिक रूपमा घरेलु मदिरा उत्पादन गर्न सक्ने:**

(१) प्रचलित कानुन बमोजिम दर्ता भएका स्थानीय उपभोक्ता समूह, गरिबी निवारण समूह, आमा समूह, युवा क्लब वा कम्तीमा पाँच जना स्थानीय कृषक वा उद्यमीहरू मिली गठन भएको लघु उद्यमी समूह (लघु समूह) ले सामूहिक रूपमा घरेलु मदिरा उत्पादन, सङ्कलन वा कच्चा पदार्थ आपूर्ति सम्बन्धी कार्य गर्न चाहेमा तोकिएबमोजिम उद्योग दर्ता वा इजाजतपत्र लिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम समूहले निवेदन दिँदा दफा ४ को उपदफा (१) मा उल्लिखित कागजातका अतिरिक्त देहायका कागजात संलग्न गर्नुपर्नेछ:

(क) समूह गठन भएको वा सामूहिक कार्य गर्ने सम्बन्धी समूहको निर्णयको प्रतिलिपि,

ख)समूहका कम्तीमा दुई जना पदाधिकारीलाई कार्य सञ्चालन र जिम्मेवारी तोकिएको पत्र,

(ग) समूहमा आबद्ध सदस्यहरूको कार्य विभाजन र मञ्जुरीनामाको विवरण ।

(३) यस दफा बमोजिम सामूहिक रूपमा सञ्चालन हुने लघु उद्योग वा समूहलाई गाउँपालिकाले दर्ता, नवीकरण, प्रविधि हस्तान्तरण तथा कर वा शुल्कमा तोकिएबमोजिम विशेष छुट वा सहुलियत प्रदान गर्न सक्नेछ।

(४) यस ऐन बमोजिम सामूहिक रूपमा उत्पादित घरेलु मदिराको गुणस्तर, स्वच्छता र कानुनी दायित्वको हकमा सम्बन्धित समूह र सो समूहका पदाधिकारीहरू संयुक्त तथा व्यक्तिगत रूपमा जिम्मेवार हुनेछन्।

**६. दर्ता प्रमाणपत्र तथा इजाजतपत्रको अवधि र नवीकरण:** (१) दफा ४ वा ५ बमोजिम जारी भएको इजाजतपत्र वा उद्योग दर्ता प्रमाणपत्रको अवधि सोही आर्थिक वर्षको असार मसान्तसम्मको लागि मात्र हुनेछ।

(२) इजाजतपत्र तथा दर्ता प्रमाणपत्र नवीकरणका लागि प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र सहित तोकिएबमोजिम निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी उद्योग दर्ता वा इजाजत शुल्कको तोकिएको नवीकरण शुल्क लिई दर्ता प्रमाणपत्र वा इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नगर्ने उद्योगले देहाय बमोजिमको नवीकरण दस्तुरका अतिरिक्त थप जरिवाना तिरी नवीकरण गर्न सक्नेछ:

(क) तिन देखी छ महिनासम्म ५० प्रतिशत, छ देखी नौं महिनासम्म ९० प्रतिशत, नौं देखी ब्राह महिनासम्म नवीकरण दस्तुरका अतिरिक्त नवीकरण दस्तुरको शत प्रतिशत थप शुल्क लाग्नेछ,

(ख) खण्ड (क) बमोजिमको अवधि समाप्त भएपछि प्रत्येक आर्थिक वर्षको लागि खण्ड (क) बमोजिमको दस्तुरका अतिरिक्त दुई हजार पाँच सय रुपैयाँ थप जरिवाना ।

**७. दर्ता प्रमाणपत्र वा इजाजतपत्र खारेज गर्न सकिने:**

(१) कुनै कारणले घरेलु मदिरा उत्पादन गर्न वा उद्योग सञ्चालन गर्न नसक्ने भएमा त्यस्तो व्यक्तिले इजाजतपत्र वा उद्योगको दर्ता खारेजीका लागि निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा बुझाउनुपर्ने कर लगायतको दायित्व फरफारक गरेको देखिएमा इजाजतपत्र वा उद्योग दर्ता खारेज गरिदिनु पर्नेछ।

(३) गाउँपालिका वा तोकिएको अधिकारीले देहायको अवस्थामा दर्ता प्रमाणपत्र वा इजाजतपत्र खारेज गर्न सक्नेछ:

(क) दर्ता प्रमाणपत्र वा इजाजतपत्र लगातार तिन बर्षसम्म नवीकरण नगरेमा,

(ख) दर्ता प्रमाणपत्र वा इजाजतपत्रमा तोकिएका सर्त पालना नगरेमा,

(ग) उत्पादित घरेलु मदिराको तोकिएको गुणस्तर कायम नगरेमा,

(घ) अखाद्य र मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने वस्तुको प्रयोग गरी घरेलु मदिरा उत्पादन गरेमा,

(ङ) घरेलु मदिरा उत्पादनका लागि स्थानीय रूपमा उत्पादन नभएको वा अनधिकृत रूपमा पैठारी गरेको कच्चा पदार्थको प्रयोग गरेमा,

(च) प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने राजस्व वा कर नबुझाएमा,

(छ) अन्य प्रचलित कानुन विपरीतका कार्य गरेमा।

(४) उपदफा (३) बमोजिम उद्योगको इजाजतपत्र वा दर्ता प्रमाणपत्र खारेज गर्नु अघि, खण्ड (घ) मा उल्लिखित अवस्थामा बाहेक, उद्योगलाई मनासिब माफिकको सफाइ पेश गर्न कम्तिमा पन्ध्र दिनको समय दिनुपर्नेछ।

(५) उपदफा (३) बमोजिम उद्योग खारेज भएमा त्यस्तो उद्योग सञ्चालन गरेको व्यक्तिले दुई वर्षसम्म पुनः सोही प्रकृतिको उद्योग दर्ता गर्न वा इजाजतपत्र लिन पाउने छैन ।

**८. जानकारी दिनुपर्ने:** इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले घरेलु मदिराको उत्पादन सुरु गरेको मितिले तीन दिनभित्र सम्बन्धित कार्यालय वा गाउँपालिकालाई लिखित जानकारी दिनुपर्नेछ।

## परिच्छेद -३

## घरेलु मदिराको उत्पादन, गुणस्तर नियन्त्रण, प्याकेजिङ र लेबलिङ सम्बन्धी व्यवस्था

**९. घरेलु मदिराको उत्पादन:**

(१) यस ऐन बमोजिम इजाजत प्राप्त व्यक्ति वा दर्ता भएको उद्योगले घरेलु मदिरा उत्पादन गर्दा देहाय बमोजिमको अन्न, फलफूल वा जडीबुटीमा मर्चाको प्रयोग गरी उत्पादन गर्नुपर्नेछः

(क) कोदो, फापर, उवा, जौ, गहुँ वा मकै मध्ये कुनै एक वा सम्मिश्रण,

(ख) स्याउ, सुन्तला, खुर्पानी, महुवा, अम्बा, लिची, ऐसेलु, चुत्रो, लगायत खान योग्य अन्य फलफूल मध्ये कुनै एक वा सम्मिश्रण,

(ग) परम्परागत वा तोकिएका जडीबुटीहरू।

(२) घरेलु मदिरा उत्पादन गर्दा उपदफा (१) को खण्ड (क) वा (ख) वा (ग) मा उल्लिखित खाद्य पदार्थ मध्ये मुख्य ब्रान्डिङ हुने गरी उत्पादन गर्नुपर्नेछ। तर, घरेलु मदिराको गुणस्तरमा कुनै प्रतिकूल परिवर्तन नहुने गरी मदिराको स्वादमा मिठास वा परम्परागत विशेषता दिन अन्य कुनै खाद्य पदार्थ न्यून परिमाणमा मिश्रण गर्न सकिनेछ।

**१०. स्थानीय कच्चा पदार्थ प्रयोग गर्नुपर्ने:**

(१) इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले घरेलु मदिराको उत्पादन गर्नको लागि स्थानीय रूपमा उत्पादन भएका कच्चा पदार्थलाई प्राथमिकता दिनुपर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योग आफैँले कृषि फर्म सञ्चालन गर्न वा स्थानीय कृषक वा समुदायसँग सम्झौता गरी मदिरा बनाउनको लागि चाहिने अन्न वा फलफूल उत्पादनको लागि लगानी वा आपूर्ति सम्बन्धी व्यवस्था गर्न सक्नेछ।

(३) घरेलु मदिरा उत्पादनको लागि आवश्यक पर्ने अन्न वा फलफूल जस्ता कच्चा पदार्थ गाउँपालिका वा प्रदेशभित्रबाट उपलब्ध हुन नसक्ने भएमा नेपालको अन्य क्षेत्रमा उब्जाइएको अन्न वा फलफूल खरिद गरी प्रयोग गर्न सकिनेछ।

(४) उत्पादकले कच्चा पदार्थको आपूर्तिका सम्बन्धमा स्रोत खुल्ने गरी अभिलेख अद्यावधिक राख्नुपर्नेछ।

(५) गाउँपालिका वा तोकिएको अधिकारीले उपदफा (४) बमोजिमको विवरण अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

**११. उत्पादनमा स्वच्छता र गुणस्तर कायम गर्नुपर्ने:**

(१) इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले घरेलु मदिराको उत्पादन, बोटलिङ तथा प्याकेजिङ गर्दा उचित स्वच्छता र तोकिएको गुणस्तर कायम गर्नुपर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि उत्पादकले देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछ:

(क) फर्मेन्टेसन गर्दा प्रयोग गरेको कच्चा पदार्थ, पानी, मर्चा जस्ता पदार्थ सफा, स्वच्छ र स्वस्थकर हुनुपर्ने,

(ख) मदिरा उत्पादन तथा भण्डारणका लागि परम्परागत काठ, माटो, तामाका भाँडा वा आधुनिक फूड-ग्रेड स्टेनलेस स्टील (Stainless Steel) वा फूड-ग्रेड प्लाष्टिकका भाँडाहरू मात्र प्रयोग गर्नुपर्ने,

(ग) घरेलु मदिरा उत्पादन गर्ने स्थान स्वच्छ, सुरक्षित र तोकिएको मापदण्ड अनुकूल हुनुपर्ने,

(घ) घरेलु मदिराको उत्पादनमा मानव स्वास्थ्यलाई हानि गर्ने कुनै पनि अखाद्य वा रासायनिक वस्तु मिसाउन नहुने,

(ङ) सरुवा वा सङ्क्रामक रोग लागेका व्यक्ति वा कामदारलाई रोग निको नभएसम्म उत्पादन, प्रशोधन तथा प्याकेजिङको काममा नलगाउने।

**१२. सङ्कलन, बोटलिङ तथा प्याकेजिङ:**

(१) उद्योगले इजाजतपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको घरेलु मदिराको सङ्कलन गरी वा आफूले उत्पादन गरेको घरेलु मदिरा उपयुक्त तवरले बोटलिङ तथा प्याकेजिङ गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलन गरिएको घरेलु मदिराको बोटलिङ तथा प्याकेजिङ गर्दा उद्योगले त्यस्तो मदिराको गुणस्तर, स्वाद र बास्नामा एकरूपता ल्याउनको लागि आवश्यकता अनुसार थप शुद्धीकरण वा प्रशोधन (Filtration/Distillation) गर्न सक्नेछ।

**१३. सम्झौता गर्नुपर्ने:** (१) दफा १२ बमोजिम सङ्कलन, बोटलिङ तथा प्याकेजिङ गरी बिक्री गर्ने उद्योगले इजाजतपत्र प्राप्त व्यक्तिसँग घरेलु मदिरा सङ्कलन सम्बन्धमा लिखित सम्झौता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका विषयहरू खुलाउनु पर्नेछ:

(क) उद्योगले वर्षभरिमा उत्पादकबाट खरिद गर्ने घरेलु मदिराको अनुमानित परिमाण,

(ख) घरेलु मदिराको सम्बन्धमा उत्पादकले कायम गर्नुपर्ने गुणस्तर र अल्कोहलको मात्रा,

(ग) उत्पादकले घरेलु मदिरा उपलब्ध गराउने अवधि र प्रक्रिया,

(घ) कच्चा पदार्थको आपूर्ति क्षेत्र र भुक्तानी सम्बन्धी सर्तहरू।

**१४. घरेलु मदिराको गुणस्तर कायम गर्नुपर्ने:** यस ऐन बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा दर्ता भएको उद्योगले उत्पादित घरेलु मदिराको प्रयोगशाला परीक्षण गरी तोकिएबमोजिमको गुणस्तर र मापदण्ड कायम गर्नुपर्नेछ।

**१५. मात्रा वा गुणस्तर जाँच गर्न सक्ने:**

(१) गाउँपालिका वा प्रदेश सरकारले तोकेको प्राविधिक अधिकारीले जुनसुकै बखत घरेलु मदिरा र त्यसको चुहान (Distillation) मा जाने पदार्थको अल्कोहलको मात्रा वा गुणस्तरको जाँच गर्न सक्नेछ।

(२) उद्योगले आफूले सङ्कलन गर्ने घरेलु मदिराको स्वच्छता, गुणस्तर तथा अल्कोहलको मात्रा (ABV) जाँच गर्न सक्नेछ।

(३) उत्पादकले घरेलु मदिरामा तोकिएको अल्कोहलको मात्रामा निर्देशिकाले तोकेको सीमाभन्दा बढी फरक वा गुणस्तरमा उल्लेखनीय रूपबाट प्रतिकूल फरक पार्न पाइने छैन।

**१६. ब्रान्डिङ गर्ने:**

(१) उद्योगले घरेलु मदिराको बजारीकरणका लागि उचित र उपयुक्त ब्रान्ड कायम गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम ब्रान्ड कायम गर्दा रैथाने वा परम्परागत सीप, सामूहिक मार्क वा भौगोलिक पहिचान (Geographical Indication) को विषय भएमा सम्बन्धित समुदाय वा व्यक्तिसँगको परामर्श र सहमतिमा ब्रान्डिङ गर्नुपर्नेछ।

(३) परम्परागत ज्ञान, सूत्र (Formula) वा सीप प्रयोग गरे बापत सम्बद्ध उद्योगले सम्बन्धित व्यक्ति वा समूहसँग लाभको बाँडफाँट (Benefit Sharing) सम्बन्धी सम्झौता गर्नुपर्नेछ।

**१७. उत्पादकको दायित्व:** उत्पादकले प्रचलित कानुन बमोजिम पूरा गर्नुपर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नुपर्नेछ:

(क) मदिरा तोकिएको स्वास्थ्य मापदण्ड र गुणस्तरको भएको सुनिश्चित गर्ने,

(ख) खाद्य स्वच्छता र व्यवस्थापन प्रणाली (Food Safety Management) को अवलम्बन गर्ने,

(ग) उत्पादन, प्रशोधन तथा बिक्रीको अद्यावधिक अभिलेख सुरक्षित राख्ने,

(घ) उत्पादनको पहिचान पद्धति (Traceability) कायम गर्ने।

**१८. प्लाष्टिकको बोतल वा पाउचमा राख्न नहुने:** कसैले पनि प्लाष्टिकको बोतल वा पोका (पाउच) मा घरेलु मदिरा राखी मदिराको व्यावसायिक उत्पादन, भण्डारण तथा बिक्री वितरण गर्नु वा गराउनु हुँदैन। प्याकेजिङका लागि फूड-ग्रेड सिसा (Glass) को बोतल वा तोकिएको वातावरणमैत्री भाँडो मात्र प्रयोग गर्नुपर्नेछ।

**१९. उद्योगको जिम्मेवारी हुने:**

(१) यस ऐन बमोजिम बोटलिङ तथा प्याकेजिङ गरिएको घरेलु मदिराको बजारमा गुणस्तर तथा खाद्य स्वच्छता सम्बन्धी अन्तिम दायित्व सम्बन्धित उद्योगको हुनेछ।

(२) उद्योगले सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिको उत्पादन स्थलको निरीक्षण तथा अनुगमन गर्ने र मापदण्ड पूरा नगरेको मदिरा खरिद गर्न इन्कार गर्न सक्नेछ।

**२०. अभिलेख राख्नुपर्ने:** उत्पादकले घरेलु मदिराको दैनिक उत्पादन, सङ्कलन, प्रशोधन, बोटलिङ, प्याकेजिङ तथा बिक्री वितरणको हिसाब तोकिएको ढाँचामा अद्यावधिक राख्नुपर्नेछ।

**२१. खोज तथा अनुसन्धान गर्न गराउन सक्ने:**

(१) गाउँपालिका, प्रदेश सरकार वा उत्पादकले घरेलु मदिराको गुणस्तर सुधार गर्न, स्वाद र बास्नामा विवधता ल्याउन, उत्पादन उपकरण वैज्ञानिक बनाउन तथा रैथाने ज्ञानको प्रमाणीकरणका लागि आवश्यक खोज तथा अनुसन्धान गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आवश्यक प्रयोगशाला (Laboratory) को स्थापना वा उपयोग गर्न सकिनेछ।

(२) उपदफा (२) प्रयोगशाला (Laboratory) संचालन तथा व्यवस्थापन तोकिएबमोजिम हुनेछ।

**२२. अनुगमन तथा निरीक्षण:** गाउँपालिका, मन्त्रालय वा तोकिएको अधिकारीले घरेलु मदिराको खाद्य स्वच्छता र गुणस्तर कायम गरे नगरेको विषयमा समय-समयमा बजार एवं उद्योगको अनुगमन तथा निरीक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ।

**२३. घरेलु मदिराको वर्गीकरण:** दर्ता भएको उद्योगले उत्पादनमा प्रयोग भएको अन्न, फलफूल वा जडीबुटी र त्यसमा रहेको अल्कोहलको मात्रा (Strength) का आधारमा घरेलु मदिरालाई तोकिएबमोजिम वर्गीकरण गर्न सक्नेछ।

**२४. घरेलु मदिराको प्याकेजिङ तथा लेबलिङ:**

(१) उद्योगले उत्पादन वा बोटलिङ गरेको घरेलु मदिरालाई सुरक्षित रूपमा अन्तःशुल्क वा गाउँपालिकाले तोकेको स्टिकर/सील सहित प्याकेजिङ गरेर मात्र बिक्री वितरण गर्नुपर्नेछ।

(२) घरेलु मदिराको लेबलमा निम्न विवरण प्रस्ट रूपमा नेपाली भाषामा (र आवश्यक ठानेमा अङ्ग्रेजी वा अन्य भाषामा) उल्लेख गर्नुपर्नेछ:

(क) घरेलु मदिराको नाम, ब्रान्ड र उत्पादकको नाम तथा ठेगाना,

(ख) प्रयोग गरिएको कच्चा पदार्थको सम्मिश्रण विवरण,

(ग) खुद परिमाण (लिटर वा मिलिलिटरमा), अधिकतम बिक्री मूल्य (MRP), ब्याच नम्बर, उत्पादन मिति र अल्कोहलको मात्रा (ABV),

(घ) स्वास्थ्य सम्बन्धी चेतावनीमूलक सन्देश, चित्र वा चिन्ह,

(ङ) उपभोग गरिसक्नुपर्ने अवधि (यदि तोकिएको भए)।

## परिच्छेद ४ -

## घरेलु मदिराको बिक्री वितरण र नियन्त्रण सम्बन्धी व्यवस्था

### २५. घरेलु मदिराको बिक्री वितरण:

(१) यस ऐन बमोजिम इजाजतपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको घरेलु मदिरा स्वीकृत उद्योगलाई मात्र बिक्री वितरण गर्नुपर्नेछ ।

(२) उद्योगले प्रचलित कानुन बमोजिम मदिरा बिक्रीको इजाजतप्राप्त फर्म/पसल/ होमस्टे बाहेक अरूलाई खुद्रा रूपमा सोझै बिक्री वितरण गर्न पाउने छैन।

(३) विद्यालय, धार्मिक स्थल, स्वास्थ्य संस्था र सार्वजनिक स्थलको तोकिएको दूरीभित्र घरेलु मदिराको उत्पादन, बिक्री वितरण तथा उपभोग गर्न पाइने छैन। तर, परम्परागत रूपमा मदिरा चढाइँदै आएका देवी-देवताका मठ-मन्दिरमा धार्मिक कार्यका लागि यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(४) कसैले पनि अठार वर्ष उमेर पूरा नभएको व्यक्ति र गर्भवती महिलालाई घरेलु मदिरा बिक्री वितरण गर्न वा ओसारपसार एवं उपभोगमा प्रयोग गर्न/गराउन पाउने छैन।

### २६. खानतलासी, कब्जा वा जफत:

(१) कुनै व्यक्ति वा संस्थाले यस ऐन विपरीत घरेलु मदिराको उत्पादन, सङ्कलन वा बिक्री वितरण गरेमा गाउँपालिका वा तोकेको अधिकारीले त्यस्तो मदिरा, कच्चा पदार्थ वा उपकरण जफत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा स्थानीय वडा प्रतिनिधि वा प्रहरीको रोहवरमा मुचुल्का उठाई गर्नुपर्नेछ।

Bihadi Rural Municipality Est: 2073

## परिच्छेद ५ -

## कसुर र सजाय सम्बन्धी व्यवस्था

**२७. कसुर:** कसैले देहायको कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ:

(क) दर्ता वा इजाजतपत्र नलिई घरेलु मदिराको व्यावसायिक उत्पादन, सङ्कलन वा बिक्री वितरण गरेमा,

(ख) निर्धारित गुणस्तर र मापदण्ड कायम नगरी मदिरा उत्पादन वा मिसावट गरेमा,

(ग) मानव स्वास्थ्यलाई हानि गर्ने अखाद्य रासायनिक वस्तु प्रयोग गरेमा,

(घ) प्लाष्टिकको बोतल वा पाउचमा प्याकेजिङ गरी बिक्री गरेमा,

(ङ) कर वा राजस्व छली गरेमा।

**२८. सजाय तथा जरिवाना:**

(१) दफा २७ बमोजिमको कसुर गरेमा तोकिएको अधिकारीले व्यवसाय बन्द गराई देहाय बमोजिम सजाय गर्न सक्नेछ:

(क) दफा २७ को खण्ड (क) बमोजिमको कसुर गरेमा मदिरा तथा उपकरण जफत गरी बिगो बमोजिम वा दश हजार देखि तीस हजार रुपैयाँसम्म जरिवाना,

(ख) दफा २७ को खण्ड (ख) वा (घ) बमोजिमको कसुर गरेमा बिगो जफत गरी १०,०००/- देखि ५०,०००/- रुपैयाँसम्म जरिवाना,

(ग) दफा २७ को खण्ड (ग) बमोजिम मानव स्वास्थ्यमा गम्भीर असर पर्ने गरी अखाद्य वस्तु मिसावट गरेको पाइएमा उत्पादित सामग्री जफत गरी ५०,०००/- देखि १,००,०००/- रुपैयाँसम्म जरिवाना गरिनेछ र ज्यान वा स्वास्थ्य सम्बन्धी कसुरमा प्रचलित संघीय कानुन बमोजिम थप कारबाहीका लागि नेपाल प्रहरी समक्ष लेखी पठाइनेछ।

(२) उपदफा (१) बमोजिम भएको निर्णय वा जरिवाना उपर चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले ३५ दिनभित्र प्रचलित कानुन बमोजिमको अदालत वा अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ।

**२९. दुःख दिने नियतले कार्य गर्न नहुने:** यस ऐनको विरुद्ध काम भएको मनासिब आधार नभई अरूलाई दुःख दिने वा क्षति पुऱ्याउने नियतले खानतलासी गर्ने वा सामान जफत गर्ने अधिकारीलाई प्रचलित कानुन बमोजिम विभागीय वा कानुनी कारबाही हुनेछ।

## परिच्छेद ६ -
## विविध

**३०. वातावरण प्रदूषण गर्न नहुने:** उत्पादकले घरेलु मदिराको उत्पादन, प्रशोधन तथा फोहोर व्यवस्थापन गर्दा स्थानीय वातावरण, जलस्रोत वा गाउँटोलमा प्रदूषण नहुने गरी स्वीकृत मापदण्ड अनुसार गर्नुपर्नेछ।

**३१. वार्षिक विवरण उपलब्ध गराउनुपर्ने:** उत्पादक वा उद्योगले आफ्नो वार्षिक उत्पादन, खरिद-बिक्री र राजस्व सम्बन्धी विवरण प्रत्येक वर्षको साउन मसान्तभित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ।

**३२. स्थानीय कृषकलाई प्रोत्साहन:** गाउँपालिकाले घरेलु मदिराको कच्चा पदार्थको रूपमा प्रयोग हुने अन्न  वा फलफूल उत्पादन गर्ने स्थानीय कृषकहरूलाई प्रोत्साहन वा अनुदान दिन सक्नेछ।

**३३. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनका लागि बिहादी गाउँ कार्यपालिकाले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**३४. खारेजी र बचाउ:** बिहादी गाउँपालिकाको स्थानिय मदिरा (अन्न बाली तथा फलफुलबाट) उत्पादन, ब्राण्डिङ तथा बिक्रि वितरण व्यवस्थापन ऐन २०८२ खारेज गरिएको छ । उक्त ऐन अन्तर्गत भए गरेका सम्पुर्ण काम यस ऐन अन्तर्गत भएको मानिनेछ ।

**३५. अन्य:** यस ऐनमा उल्लेखित विषयहरु यस ऐनबमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुने छ ।

प्रमाणिकरण मिति : २०८३।०३।१०

आज्ञाले
थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत

विहादी गाउँपालिका
Bihadi Rural Municipality
स्थाः २०७३ Est: 2073
समुन्नत विहादी, सम्मानित विहादीवासी